# सगुन सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. २, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०२/२६ गते मंगलबार**

**सच्चाईएको सूचना प्रकाशन मितिः २०८३/०३/०४ गते बिहिबार**

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५०९१ मिति २०८३/०२/१८ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिलः

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| KH/15/15-a01-01-2083/02/26-p | समूहको घाटगद्धीमा | ४ देखि १३ | १ | साल | ए | ३ | ३४.२८ | १२५० | ४२८५०.० | १८५२७१.० | |
| | | | २ | साल | बि | १२ | १०९.७५ | ९०० | ९८७७५.० | | |
| | | | ३ | साल | सि | ८२ | ४५१.०३ | ६०० | २७०६१८.० | | |
| | | | ४ | साल | डि | १४ | २९.१७ | ३०० | ८७५१.० | | |
| | | | ५ | जामुन | ए | ३ | १०३.५० | ४०० | ४१४००.० | | |
| | | | ६ | जामुन | बि | १३ | २०८.९० | ३०० | ६२६७०.० | | |
| | | | ७ | जामुन | सि | २५ | ९५.४७ | १०० | ९५४७.० | | |
| | | | ८ | अस्ना | ए | २ | ३५.०१ | ४०० | १४००४.० | | |
| | | | ९ | अस्ना | बि | ८ | ७९.४२ | ३०० | २३८२६.० | | |
| | | | १० | अस्ना | सि | ५४ | २७४.२१ | १०० | २७४२१.० | | |
| | | | ११ | कर्मा | ए | ३ | ५९.१० | ४०० | २३६४०.० | | |
| | | | १२ | कर्मा | बि | २ | १६.८१ | ३०० | ५०४३.० | | |
| | | | १३ | कर्मा | सि | ८ | ३६.४१ | १०० | ३६४१.० | | |
| जम्मा | | | | | | २२९ | १५३३.०६ | | ६३२१८६.० | १८५२७१.० | |
| KH/15/15-a01-02-2083/02/26-p | समूहको घाटगद्धीमा | साल दाउरा (२०'x५'x५'को) ६.०० चट्टा | | | | | | १२०००.० | ७२०००.० | ५०४००.० | |
| कुल जम्मा | | | | | | | | | ७०४१८६.० | २३५६७१.० | |

**शर्त तथा नियमहरुः**

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१५ गते मंगलबार

ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१६ गते बुधबार    ख) समयः मध्यान्ह २:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०३/१७ गते बिहीबार    ख) समयः बिहान ३:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०२/२६ गते मंगलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह २:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००८३४०००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगढ्ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

मिति २०८३/३/४ गते यस सगुन सा.व.उ.स.को कार्य समितिहरुको उपाध्यक्ष श्री मनु थापा ज्युको अध्यक्षतामा बैठक बसी प्रस्तावहरु माथि छलफल गरी उपस्थितिमा निर्णय पारित गरियो ।

| क्र.स. | नामावली | पद | |
|---|---|---|---|
| १. | मनु थापा | अध्यक्ष | थापा |
| २. | प्रमिला थापा | उपाध्यक्ष | प्रमिला |
| ३. | प्रेरणा | सचिव | प्रेरणा |
| ४. | आरती | स. सचिव | आरती |
| ५. | रिमानी | कोषाध्यक्ष | रिनरानी |
| ६. | भोज बहादुर | सदस्य | भोज |
| ७. | रामपति | " | रामपति |
| ८. | बलरानी | " | बलरानी |
| ९. | कृष्ण | " | किसन |
| १०. | सुनिता | " | सुनिता |
| ११. | रामरानी | " | रामरानी |
| १२. | कालुराम | सल्लाहकार | [signature] |
| १३. | फुलराम | " | |
| १४. | बाबुराम परियार | " | |
| १५. | चिम बहादुर थापा | " | |
| १६. | आशाराम थापा | वन हेरालु | |
| १७. | लौटन थापा | " | लौटन |

प्रस्तावहरु

१. सरसफाइको सुचना वेबसाइटमा अपलोड गर्ने सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल तथा सरसमभिहाई गर्दा यस स.व.उ.स.को डिभिजन वन कार्यालय बर्दियाको च.नं. ५०९२ मिति २०८३/०२/१८ गते लेखिआएको सम्झौता पत्र

अनुसार यस समुहबाट मिति २०८३/०२/२६ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक काठ/दाउराको लिलाम बिक्री सम्बन्धी विस्तृत सुचनामा काठ/दाउराको संकलन खर्चको रकम फरक परेको हुँदा उक्त परेको विस्तृत सुचना सच्याई वेबसाईटमा अपलोड गर्नको लागि डिभिजन कार्यालय बर्दियालाई अनुरोध गर्ने यो निर्णय पारित गरियो।

सिता चापा रामपति भोजो

प्रेरणा किरन भारती

सुनिता प्रमिला

जानकी रामराते

सोहन